# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## खैरहनी नगरपालिका

### चितवन




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## खैरहनी नगरपालिका

चितवन




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## खैरहनी नगरपालिका

चितवन

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,** बागमती प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं.- ६६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
खैरहनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
चितवन ।

## कैफियत सहितको राय

हामीले खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५ करोड ५० लाख, ४१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.२५ लाख ८० हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.८२ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड १८ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु ० र पेश्की रू.२३ लाख ७५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.११ करोड ७१ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड १९ लाख ७८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. पालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण

प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

आठविस नगरपालिका, दैलेख

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | ४२ | ५५०४२ | ० | ५ | २५८० | ६२ | ३७ | ५२४६१ | ८२२७ | ० | ४१८५९ | ० | ० | ५००८६ | २३७५ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४० | कर कट्टी रकम | ४५९० |
| २ | ४१ | दोहोरो भुक्तानी | ५४३८२९ |
| ३ | ४२ | लागत सहभागिता रकम | ५३६००० |
| ४ | ४३ | घटि पेश्कि फछ्र्यौट | २००००० |
| ५ | ४५ | पेश्की बाँकी | १२३०००० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खैरहनी नगरपालिका, चितवन | ११७१७९ | ० | २७६६२ | ८९५१७ | ० | ५२४६१ | १४१९७८ |

# आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : खैरहनी नगरपालिका, चितवन, आर्थिक वर्षः २०७८/७९

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुरुषोत्तम शर्मा | २०७८-१०-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | चन्द्रकान्त न्यौपाने | २०७७-८-२८ | २०७८-१०-१६ |
| लेखा प्रमुख | GOPAL TIWARI | २०७९-९-२४ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५२,४६१,५५७.४५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३३,१२,९५,०१२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७०,५८,७७,५३८ | **चालु खर्च** | ४२,२०,७०,४६० |
| **प्रदेश सरकारबाट अनुदान** | ८,९१,५३,६१० | **पूँजीगत खर्च** | ५१,७८,०८,६६० |
| **राजश्व बाँडफाँट** | २९,२९,१४,४५१ | **वित्तीय/अन्य व्यवस्था** | ३२,५६,९१,७९६ |
| **आन्तरिक आय** | ११,४६,६४,४३९ | | |
| **अन्य आय** | १२,७३,६३,७४१ | | |
| **कुल आय** | १,३२,९९,७३,७७९ | **कुल खर्च** | १,२६,५५,७०,९१६ |
| **बाँकी मौज्दात** | | ३९,५६,९७,८७५ | |

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस खैरहनी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, ८५.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ६५१२६ जना जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा स्तर वृद्धिको निर्णय बद्धर भएका श्री लेखापाल लक्ष्मी घिमिरे सब.ई. कर्ण बहादूर थापा र सहायक पाँचौ छन्नु प्र. चौधरीलाई उक्त बढुवा पश्चात र बद्धर अघिको बिच समयमा भुक्तानी गरेको रु. १५००६/- असुली भई संघीय संचित कोषमा दाखिला भएको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>एकिकृत आर्थिक विवरण<br>खैरहनी नगरपालिकाको आ.व. २०७८/७९ को एकिकृत आर्थिक विवरण
<table>
<tr><th>सि.नं.</th><th colspan="2">आय</th><th>सि.नं.</th><th colspan="2">व्यय</th></tr>
<tr><td></td><td>शीर्षक</td><td>रकम</td><td></td><td>शीर्षक</td><td>रकम</td></tr>
<tr><td>१.</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>१.</td><td>चालु</td><td>४२२०७०४६०.६४</td></tr>
<tr><td></td><td>बैंक मौज्दात</td><td>२८९९५५६४२.</td><td>२.</td><td>पूँजीगत</td><td>५१७८०८६६०.२६</td></tr>
<tr><td></td><td>धरौटी</td><td>१६६४५८८८.३९</td><td>३.</td><td>कोष खर्च</td><td></td></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन कोष</td><td>२३७०४३२.३५</td><td></td><td>विविध खर्च खाता</td><td>२९३३४९२३.६४</td></tr>
<tr><td></td><td>विविध कोष खाता</td><td>२०२९१४३८.०३</td><td></td><td>स्थानीय तह धरौटी खाता</td><td>६४८४४७६</td></tr>
</table></td><td></td></tr>
</table>

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विविध खर्च खाता | २०३१६११.५० | | स्थानीय तह विविध कोष खाता | २७६८९८८१.६० | |
| | | | २. | **आन्तरिक राजश्व आम्दानी** | | | स्थानीय तह विभाज्य कोष खाता | २०६४०१४२.५० | |
| | | | | आन्तरिक राजश्व | ११४६६४४३९.२० | | स्थानीय तह आकस्मिक कोष | १२६७१७२.७० | |
| | | | | राजश्व बाँडफाँड प्रदेश सरकार | १०५७५४६२२.२१ | | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ८०३२१६ | |
| | | | | राजश्व बाँडफाँड संघीय सरकार | १८७१५९८२८.९२ | ४. | **मौज्दात** | | |
| | | | | अन्य आय | ४६७२१२९७.२० | | बैंक मौज्दात | ३५९६९३६६०.१५ | |
| | | | ३. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | धरौटी मौज्दात | १४८०८०५३.७९ | |
| | | | | वित्तीय समानिकरण अनुदान | १७२०००००० | | विविध खर्च खाता | ७०४३११०.९१ | |
| | | | | सशर्त अनुदान | २९३४९५००० | | स्थानीय तह विविध कोष खाता | ११९६९५६५.४३ | |
| | | | | विशेष अनुदान | १०८९२०१५ | | स्थानीय तह विभाज्य कोष खाता | ५५६५७५ | |
| | | | | अन्तर सरकारी हस्तानतरण | २२९४९०५२३ | | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १५७४४६५.३५ | |

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तल तालिका) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | स्थानीय तह आकस्मिक कोष खाता | ५२४४५.९० |
| | वित्तीय समानिकरण अनुदान | १४९७५००० | ५. | **अन्तर सरकारी वित्तीय हस्तानतरण (संघ)** | २२९४९०५२३ |
| | सशर्त अनुदान | ३२४९९९०० | ६. | **अन्तर सरकारी वित्तीय हस्तानतरण (प्रदेश)** | २८१८९५१० |
| | समपुरक अनुदान | १३४८९२०० | ७. | साट्न बाँकी चेक | (१८२०८०५०.१७) |
| | अन्तर सरकारी हस्तानतरण | २८१८९५१०.१० | ८. | दाखिला गर्न बाँकी दायित्व | (१०६८६७८) |
| ५. | **विभिन्न कोष तर्फको आय** | | | | |
| | विविध खर्च खाता | ३४३४६४२३.०५ | | | |
| | स्थानीय तह धरौटी खाता | ५०४२९६८.४० | | | |
| | स्थानीय तह विविध कोष खाता | १९२९३२९२ | | | |
| | स्थानीय तह विभाज्य कोष खाता | २०६४०१४२.५० | | | |
| | स्थानीय तह आकस्मिक कोष | १३१९६१८.६० | | | |
| | **जम्मा** | **१६६१२६८७९२** | | **जम्मा** | **१६६१२६८७९२** |

पालिकाको एकिकृत आर्थिक विवरणमा नगर अस्पतालको आय रु ४,१६,५९,८८१ र व्यय रु ३,००,४९,६३२ समावेश भएको छैन ।

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वायनमा ल्याएको छ । यद्यपी यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।<br>• तोकिए बमोजिम स्थायी कर्मचारीको तलबी प्रतिवेदन पारित नगरेको ।<br>• पालिकामा रिक्त रहेका सम्पूर्ण पदको सुचना तोकए बमोजिमको समय भित्र नदिएको ।<br>• राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको ।<br>• पालिकाले नियमन, अनुगमन तथा व्यवस्थापकीय क्षमता थप सुदृढ गर्नुपर्ने देखिएको ।<br>• कार्यालयले पूँजीगत खर्चमा कन्टिन्जेन्सी कट्टी गर्ने गरेतापनि सोको छुट्टै खाता व्यवस्थित नगरेको ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा प्रमुखले मिति २०७८।०३।१० गते रु. १ अर्ब ९ करोड ७२ लाख १८ हजारको | |

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आम्दानी र खर्च विश्लेषणः पालिकाको यसवर्षको बजेट र खर्चको अवस्था देहाएका बमोजिम रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>शिर्षक</th><th>बजेट</th><th>खर्च रकम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>चालु</td><td>४७६१८५५३४.२७</td><td>४२२०७०४६०.६४</td><td>८८.६३</td></tr>
<tr><td>२</td><td>पूंजीगत</td><td>७१२८३१३९१.०८</td><td>५१७८०८६६०.२६</td><td>७२.६४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११८९०१६९२५.३५</td><td>९३९८७९१२०.९</td><td>८०.६३</td></tr>
</table>
उपरोक्त बमोजिम पालिकाले पुँजीगत खर्चको ७२.६४% मात्र खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>संघीय पूँजीगत</td><td>५०३१७</td><td>४१६३</td><td>१२</td><td>४६१४२</td><td>२८४२७</td></tr>
<tr><td>२</td><td>प्रदेश पूँजीगत</td><td>२८५७६</td><td>११२०</td><td>६८८४</td><td>२०५७२</td><td>१००२६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>गाउँपालिका पूँजीगत</td><td>४२५२७५</td><td>८४५३९</td><td>१२०९४९</td><td>२१९७८७</td><td>५५२५९</td></tr>
<tr><td></td><td>कूल खर्च</td><td>५०४१६८</td><td>८९८२२</td><td>१२७८४५</td><td>२८६५०१</td><td>९३७१२</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>१८</td><td>२५</td><td>५७</td><td>१९</td></tr>
</table>
उल्लेखित विवरण अनुसार तेस्रो चौमासिक पूँजीगत खर्चको ५६.८३ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र १८.५९ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले तेस्रो चौमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अवण्डा बजेट: पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु. १ करोड ९७ लाख १४ हजार बजेट अबण्डा राखी उक्त रकम कार्यपालिकाको विभिन्न मितिको निर्णय तथा नगरप्रमुखको निर्णयबाट बिभिन्न टुक्रे आयोजना तथा कार्यक्रमका लागि खर्च गरेको छ । बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालि तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>न्यायिक समिति: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही टुङ्गो लगाउनुपर्दछ ।
<table>
<tr><th>गत वर्षबाट सरेका विवाद</th><th>यस वर्ष दर्ता भएको</th><th>जम्मा</th><th>फर्छ्यौट/कारवाही भएका विवाद</th><th>फर्छ्यौट/कारवाही हुन बाँकी विवाद</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५</td><td>७३</td><td>७८</td><td>७८</td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कानुन निर्माण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।<br><table>
<tr><th>सि . नं.</th><th>विवरण</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>ऐन</td><td>९</td></tr>
<tr><td>२</td><td>नियमावली</td><td>७</td></tr>
<tr><td>३</td><td>कार्यविधि तथा निर्देशिका</td><td>५७</td></tr>
<tr><td>४</td><td>आचारसंहिता</td><td>१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७४</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>आर्थिक सहायता: पालिकाले यस वर्ष अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ बमोजिम विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायत यस वर्ष रु. ४८५,९९६।- आर्थिक सहायता वितरण गरेको छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कल्याण कोष: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वितीय समानीकरणबाट कर्मचारी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कल्याण कोषमा रु. २० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयनL: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी कसानासाना र टुक्रे योजनामा मात्र अधिकांश बजेट छुट्याएको छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष सञ्चालन भएका योजनाहरु देहायअनुसार छन्:<br><br>
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">विवरण</th><th colspan="2">ठेक्का</th><th colspan="2">उपभोक्ता समिति</th></tr>
<tr><th>योजना संख्या</th><th>रकम</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु.१ लाख भन्दा कमको योजना</td><td>०</td><td>०</td><td>१२५</td><td>७३५८</td></tr>
<tr><td>२</td><td>रू.१ लाख देखि रू.३ लाख सम्मका योजना</td><td>०</td><td>०</td><td>२७९</td><td>६१७५४</td></tr>
<tr><td>३</td><td>रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना</td><td>१३</td><td>५२००</td><td>१३३</td><td>७३११९</td></tr>
<tr><td>४</td><td>रु.५ लाख देखि माथि १० लाख सम्मका योजना</td><td>१२</td><td>१०१००</td><td>१३३</td><td>९९६५८</td></tr>
<tr><td>५</td><td>रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना</td><td>२४</td><td>३४३१५</td><td>७४</td><td>९७५५५</td></tr>
</table></td><td></td></tr>
</table>

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | रु. २५ लाख देखि देखि ५० लाख सम्मका योजना | ० | ० | ७ | २०९०० |
| ७ | रु. ५० लाख माथिका योजना | १ | ५००० | २ | १२८०० |
| | जम्मा | ५० | ५४६१५ | ७५३ | ३७३१४७ |

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **दरबन्दी पदपुर्ती**: पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |

| क्र.स. | स्वीकृत पद | सख्या | पदपूर्ती | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | प्र.प्र.अ. रा. प. द्धितिय | १ | १ | - | - |
| २ | अधिकृत दशौ | २ | १ | - | - |
| ३ | अधिकृत सातौ/अठौ | ५ | १ | ४ | १ |
| ४ | अधिकृत छैठौ/सातौ | २४ | १६ | ४ | ४ |
| ५ | सहायक पाचौ/क.अ./स.ई. | ४९ | २१ | १९ | ९ |
| ६ | सहायक चौथो/स.क.अ./अ.स.ई. | ४३ | १६ | २५ | २ |

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>७</td><td>नगर प्रहरी पाचौं/चौथो</td><td>१०</td><td>-</td><td>४</td><td>६</td></tr>
<tr><td>८</td><td>सवारी चालक</td><td>८</td><td>-</td><td>८</td><td>-</td></tr>
<tr><td>९</td><td>सहयोगी</td><td>३४</td><td>२</td><td>३२</td><td>-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७६</td><td>५८</td><td>९६</td><td>२२</td></tr>
</table>
उपरोक्त रिक्त पदहरु पुर्ती गर्न पालिकाले ध्यान पुर्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>तलबी प्रतिवेदनः बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्थायी कर्मचारीलाई रु. १,०६,००,०००/- तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अत: उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>स्वतः रिक्त पद: बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०७९/८० का लागि समेत तोकिए बमोजिम रिक्त पदको स्थायी पदपूर्तीको लागि सूचना नपाठाई करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **करार कर्मचारीलाई सञ्चय कोष:** संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । तर पालिकाले करार सेवामा राखिएका कर्मचारीलाई स्थायी कर्मचारी सरह कर्मचारी संचय कोष वापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम नगरपालिकाबाट थप गरी कर्मचारी संचय कोषमा जम्मा गर्दै आएको छ । यस वर्ष करार सेवामा कार्यरत ३९ कर्मचारीका लागि संचयकोष वापत पालिकालाई रु.१२,१३,८३६।०० भुक्तानी गरेको छ । पालिकाले यस्तो प्रकारको खर्च गर्दा संघीय सरकारले अवलम्बन गरेको अभ्यास र यसले पार्न सक्ने दूरगामी असर बारे समेत विश्लेषण गरेको छैन । त्यसैले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र र संघीय सरकारले अपनाएको अभ्यास विपरित हुने गरी भुक्तानी गरेको संचय कोष वापतको रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | १,२१३,८३६ |
| १८ | | | **आन्तरिक आय तर्फ:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शिर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकिकृत सम्पत्तिकर | १९०००००० | १९५१३१३२ | १०३ |
| भुमितथा मालपोत कर | १२००००० | ९६४६२९ | ८० |
| व्यवसाय कर | ८०००००० | ९२६०१९५ | ११६ |
| वहाल विरौटी | ६००००० | ३८१४५५६ | ६३६ |

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नक्सापास दस्तुर</td><td>४००००००</td><td>३०७७०२७</td><td>७७</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>७५०००००</td><td>९२४७४४०</td><td>१२३</td></tr>
<tr><td>घरवहाल कर</td><td>५००००००</td><td>८११५५१२</td><td>१६२</td></tr>
<tr><td>प्रशासनिक दण्ड, जरिवाना</td><td>७०००००</td><td>२९९३५६६</td><td>४२८</td></tr>
<tr><td>परीक्षा शुल्क</td><td>१००००</td><td>१०४२००</td><td>१०४२</td></tr>
<tr><td>कुल जम्मा</td><td>४८५१००००</td><td>६१९४३८९६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>स्विकृती वेगरको सफ्टवेयर: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि सांग्रिला ईन्फरमेटिक्स प्रा. लि. को सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.१२,५३,९५,५०७।९७ राजस्व आम्दानी गरेको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>विज्ञापन करमा मू.अ.कर छुटः .......... प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ६५७८०।- सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>ढुङ्गा, गिटी, बालुवा बिक्रीः पालिकाले यस वर्ष कयर खोलामा रहेको ४६,०९० घन मिटर बालुवा बिक्रीका लागि पि. के. निर्माण सेवासँग रु.१,७७,७७,७७७।७७ मा ठेक्का सम्झौता गरेकोमा एकमुष्ट रकम बुझाएमा ५ प्रतिशत छुट दिने सम्झौता</td><td></td></tr>
</table>

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको छ । जस अनुसार उक्त फर्मले सम्झौतापूर्व नै एकमुष्ट रकम बुझाएकाले मू.अ.कर बाहेकको ठेक्का रकमबाट ५ प्रतिशतले हुने रु ७८६६२६।८९ छुट दिएको छ । त्यसैले कर छुट दिनुपूर्व सम्बन्धित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ । | |
| २२ | | | **कवाडी करमा मू.अ.कर छुटः** पालिका राजस्व परामर्श समितिको सिफारिस अनुसार कवाडी करका लागि रु.७,००,०००।०० कबोल अंक कायम गरी ठेक्का आह्वान गरेकोमा बढी अंक कबोल गर्ने नविन निर्माण सेवाको प्रस्ताव मू.अ.कर बाहेक रु.७,००,७७७।०० मा स्वीकृत गरेकोमा निजसँग सम्झौता गर्दा जम्मा रु.७,००,७७७।०० मा ठेक्का सम्झौता गरेको छ । त्यसैले निजको ठेक्का स्वीकृत रकममा छुट भएको मू.अ.कर रु.९१,१०१।०० असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. | ९१,१०१ |
| २३ | | | **नगदी रसिद रद्धः** पालिकाले यस वर्ष रु.३७,७३,७१२।०० को नगदी रसिद रद्ध गरेको छ । यस सम्बन्धमा त्रुटी भएका तथा दोहोरो परेका कारण रसिद रद्ध गर्नुपर्को पालिकाको भनाई छ । त्यसैले रद्ध भएका नगदी रसिदको स्पष्ट कारण खुलाई सोको रसिद काट्ने बाहेक छुट्टै पदाधिकारीबाट सोको व्यहोरा प्रमाणित गराई अभिलेख राख्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २४ | | | **दुग्ध उत्पादनमा अनुदनः** | |
| २४.१ | | | **दुग्ध अनुदानः** पालिकाको स्वीकृत कार्यक्रम अनुसार प्रति लिटर दुध उत्पादनमा अनुदान कार्यक्रम अन्तर्गत प्रति लिटर दुधमा रु.०.२९ का दरले आर्थिक वर्ष २०७७/७८ मा उत्पादित दुधका लागि यस वर्ष २२ दुग्ध सहकारी संस्थाका किसानलाई रु.२५,०६,४१४।०० भुक्तानी गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् । | |
| २४.२ | | | **जम्मा अनुदान रकमः** वागमती प्रदेश सरकारले दूध उत्पादनमा आधारित अनुदान वितरण (सातौं संशोधन) कार्यविधि, २०७५ अनुसार यस वर्ष प्रदेशको स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मार्फत बाग्मती | |

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रदेशका २५० वटा सहकारी संस्थाहरुलाई प्रतिलिटर रु.१.७७९ का दरले ८,९८,८८,३९१ लिटर दुधको रु.१५,९९,११,४४७।६० अनुदान वितरण गरेको छ । | |
| २४.३ | | | **दोहोरो अनुदानः** बागमती प्रदेशको स्वीकृत नीति तथा कार्यक्रम आए पश्चात पालिकाको नीति तथा कार्यक्रम आएको अवस्थामा एउटै सहकारी संस्था मार्फत् एकै किसानलाई पालिकाकै सफारिसमा पालिका र प्रदेश सरकारबाट दोहोरो अनुदान वितरण भएको देखिन्छ । अत: प्रदेश सरकार मार्फत् प्रति लिटर दुधमा अनुदान प्रदान गर्ने कार्यक्रम आए पश्चात् दोहोरो पर्ने गरी सोही सहकारी र कृषकलाई पून: अनुदान प्रदान गर्नु औचित्यपूर्ण देखिएन । | |
| २४.४ | | | त्यसैले पालिकाले अनुदान रकममा हुन सक्ने सम्भावित दोहोरोपना, हिनामिना र दुरुपयोग नियन्त्रण गर्न ध्यान दिनुपर्दछ । साथै दुग्ध व्यवसायको अनुदानलाई घाँस खेती, पशु आहार, नश्ल सुधार, पशु प्राविधिक सेवा तथा बजारीकरणसँग आबद्ध गरी अनुदान वितरणमा एकद्धार प्रणाली कायम गर्न समेत ध्यान दिनुपर्ने देखिन्छ । | |
| २५ | | | **सहकारी तर्फः** | |
| २५.१ | | | **सहकारी संस्थाको व्यवस्थापन र नियमन** - हाल पालिकाको नियमन क्षेत्राधिकार अन्तर्गत देहाय बमोजिम ७८ वटा सहकारी संस्थाहरु रहेका छन् | |

| क्र.सं. | सहकारी संस्थाको किसिम | संख्या |
|---|---|---|
| १ | वचत तथा क्रृण सहकारी संस्था लि. | २४ |
| २ | बहुउदेश्यीय सहकारी संस्था लि. | ४ |
| ३ | क्रृषि सहकारी संस्था लि. | २४ |
| ४ | दुग्ध सहकारी संस्था लि. | १९ |

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>मौरी सहकारी संस्था लि.</td><td>१</td></tr>
<tr><td>६</td><td>फलफुल तथा तरकारी सहकारी संस्था लि.</td><td>१</td></tr>
<tr><td>७</td><td>मत्स्यपालन</td><td>३</td></tr>
<tr><td>८</td><td>सामाजिक उद्‌यमी</td><td>१</td></tr>
<tr><td>९</td><td>विशिष्टकृत सहकारी संघ</td><td>१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>सहकारी संस्थाको शेयर पूँजी, वचत तथा ऋण लगानीः प्राप्त विवरण अनुसार पालिकाको कार्यक्षेत्रमा रहेका ७८ वटा सहकारी संस्थाको वचत तथा ऋण लगानीको स्थिति देहाय बमोजिम रहेको छ ।
<table>
<tr><td>शेयर पूँजी</td><td>३६ करोड ५० लाख ८९ हजार</td></tr>
<tr><td>कुल वचत रकम</td><td>७० करोड ५२ लाख ९३ हजार</td></tr>
<tr><td>ऋण लगानी</td><td>७८ करोड ४६ लाख ४७ हजार</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>सहकारी संस्थाको अनुगमन नभएकोः पालिका सहकारी ऐन, नियमावली तथा अनुगमन कार्यविधि कार्यान्वयनमा ल्याएता पनि तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्र.म. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २५.४ | | | **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माणः** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐनको दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ । | |
| २६ | | | **फोहोरमैला व्यवस्थापन तर्फ** | |
| २६.१ | | | पालिकाले यस वर्ष फोहोरमैला व्यवस्थापन वापत रु.३३,०३,२३०।२४ मा ठेक्का सम्झौता गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् : | |
| २६.२ | | | फोहोरमैला व्यवस्थापन ऐन, २०६८ दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने छ । | |
| २६.३ | | | पालिकाले फोहरमैला व्यवस्थापनका लागि मू.अ.कर सहित रु.६०,८७,३५५।२० लागत अनुमान कायम गरी ठेक्का सूचना आह्वान गरेकोमा ४५.७ प्रतिशत न्यून अंक कबोल गर्ने आरोही सप्लायर्ससँग रु.३३,०३,२३०।२४ मा ठेक्का सम्झौता गरेको छ । | |

<table>
<tr><th>क्र.म.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>पालिकाले कबोल अंक निर्धारण गर्दा फोहोरमैला संकलन हुने वडा नं. र घरधूरी, समयतालिका लगायतका विषयलाई आधार नलिई ३ वटा फर्मबाट मूल्य सूची (प्रस्ताव) माग गरी सोको औसतका आधारमा कबोल अंक निर्धारण गरेको छ ।</td><td></td></tr>
<tr><td>२६.५</td><td></td><td></td><td>पालिकाले फोहरमैला व्यवस्थापन वापत प्रकृति अनुसार प्रति घरधुरी शुल्क तोकेको भएतापनि उक्त शुल्क नउठाएको तथा ऐनको दफा १८(५) अनुसार आय ठेक्काका रुपमा कायम नगरी खर्च ठेक्काका रुपमा सम्झौता गरी रु ३३,०३,२३०/- भुक्तानी गरेको छ । त्यसैले फोहोरमैला व्यवस्थापन कार्यमा प्रचलित कानूनको व्यवस्थको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन् ।</td><td></td></tr>
